
**नेपाल स्काउट**
**राष्ट्रीय प्रधान कार्यालय**
**लैनचौर**

# निर्वाचन निर्देशिका २०७८ (दोस्रो संसोधन २०८०)



**नेपाल स्काउट ऐन २०५० (संसोधित सहित) र नेपाल स्काउट नियमावली २०७७ को दफा २६ को आधारमा यो निर्वाचन निर्देशिका २०७८ संसोधन सहित बनाई लागु गरिएको छ ।**

स्वीकृत मिति : २०८० माघ ०५

**प्रस्तावना :** नेपाल स्काउट ऐन २०५० (संसोधन सहीत), तथा नेपाल स्काउट नियमावली २०७७ का आधारमा नेपाल स्काउटको स्थानीय, प्रदेश र राष्ट्रिय तह सम्मको कार्यकारी समिति तथा परिषद् गठनका लागि नेपाल स्काउट ऐन २०५० (संसोधन सहित) को दफा २७ र २८ तथा नेपाल स्काउट नियमावली ७७ को दफा २६ को उपदफा ३ को अधिनमा रही नेपाल स्काउटले यो निर्वाचन निर्देशिका जारी गरेकोछ ।

**१. निर्वाचन सम्वन्धी प्रावधान :** (१). नेपाल स्काउट ऐन २०५० संसोधन सहितको दफा ६ र नेपाल स्काउट नियमावली ७७ को दफा ८, १२, १८ र २१ अनुसार प्रदेश परिषद, प्रदेश कार्यकारी समिति, स्थानीय परिषद्, स्थानीय कार्यकारी समिति, पदाधिकारी सदस्य तथा आयुक्तहरुको निर्वाचन, तथा योग्यता देहाय अनुसार व्यवस्था गरिएको छ -

क) नेपाल स्काउटको सबै तहको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ ।

ख) निर्वाचन समिति तथा अधिकृतले सम्बन्धित तहको निर्वाचन कार्य सम्पन्न गरि नेपाल स्काउट राष्ट्रीय प्रधान कार्यालय एवं प्रदेश स्काउट कार्यालयलाई जानकारी दिनु पर्नेछ र निर्वाचित सदस्य एवं पदाधिकारीलाई निज निर्वाचित भएको प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

ग) राष्ट्रीय परिषद निर्वाचनको हकमा खुला सदस्य पदमा उम्मेद्वार हुने व्यक्ति पुनः तालिम दलबाट वा तालिम दलबाट उम्मेद्वार हुने व्यक्ति खुला सदस्यबाट उम्मेद्वारी दिन पाउने छैन ।

घ) राष्ट्रीय परिषदको सदस्यहरुको निर्वाचन नेपाल स्काउट ऐन बमोजिम हुनेछ ।

**२. प्रदेश परिषद् सदस्यको निर्वाचन :** (१) प्रदेश भित्रका स्थानीय तहका सक्रीय स्काउटर र प्रदेश भित्रका तालिम दलका सदस्य मध्ये बाट निर्वाचन गरि प्रदेश परिषदमा प्रतिनिधि पठाउनुपर्नेछ । यदि कुनै कारणबस पदहरु रिक्त भएमा ६ महिना भन्दा बढि समयको कार्यकालकालागि पुनः निर्वाचन गरि पदहरु पुर्ति गरिनेछ ।

**क) निर्वाचन हुने पदहरु**

१. प्रदेशभित्रका प्रत्येक स्थानीय तहका सक्रीय स्काउटरहरूमध्येबाट निर्वाचित भई आउने दशजना महिला र दशजना पुरुषका दरले बीस जना -सदस्य

२. प्रदेशभित्रका स्थानीय तहका राष्ट्रीय तालिमदलका सदस्यहरुमध्येबाट निर्वाचित भई आउने तीनजना महिला र तीनजना पुरुषका दरले ६ जना - सदस्य

**३. स्थानीय परिषद् सदस्यको निर्वाचन :** (१) सम्बन्धित स्थानीय तहका सक्रीय स्काउटर र स्थानीय तह भित्रका तालिम दलका सदस्य मध्ये बाट निर्वाचन गरि स्थानीय परिषदमा प्रतिनिधि पठाउनुपर्नेछ । यदि कुनै कारणबस पदहरु रिक्त भएमा ६ महिना भन्दा बढि समयको लागि पुनः निर्वाचन गरि पदहरु पुर्ति गरिनेछ ।

**क) निर्वाचन हुने पदहरु**

(१) सम्बन्धित स्थानीय तहमा सक्रीय रूपमा कार्यरत राष्ट्रीय तालिम दलका सदस्यहरू मध्येबाट निर्वाचित एक जना - सदस्य

(२) महानगर भए नौजना महिला नौजना पुरुष गरी जम्मा अठारजना, उपमहानगर भए सातजना महिला सातजना पुरुष गरी चौधजना, नगर भए पाँचजना महिला पाँचजना पुरुष गरी जम्मा दशजना, गाउँपालिका भए तीनजना महिला, तीनजना पुरुष गरी जम्मा छ जना, निर्वाचित - सदस्यहरु

**४. मतदाता :** नेपाल स्काउटको नियम अनुसार कम्तीमा स्काउट आधारभुत तालिम *(स्काउट वि.टि.सि. वा स्काउट पि.टि.सि)* प्राप्त गरि नियमानुसार दर्ता, नविकरण भई स्काउट इकाइ संचालन गरिरहेका सक्रीय स्काउटरहरु तथा तालिम दलको हकमा नेपाल स्काउटको नियम अनुसार कम्तीमा सहायक राष्ट्रीय प्रशिक्षकको तालिम उतिर्ण गरी नियमानुसार दर्ता, नविकरण भई स्काउटका बिभिन्न तालिम संचालन गरिरहेका सक्रीय स्काउटर सदस्यहरु मतदाता हुनेछन् । उल्लेखित विवरणको आधारमा राष्ट्रीय प्रधान कार्यालयबाट प्राप्त प्रमाणित नामावली नै अन्तिम मतदाता नामावली हुनेछ ।

**५. निर्वाचनमा भाग लिन नपाउने अवस्था :** (१) नेपाल स्काउटमा नगद तथा जिन्सी बुझाउन, फर्छ्यौट गर्न बाँकी भएका स्काउटरले कुनै पनि तहको निर्वाचनमा भाग लिन पाउने छैन ।

(२) तालिम दलको सदस्यले तालिम दलबाट हुने स्थानीय, प्रदेश तथा राष्ट्रीय स्तरको निर्वाचनमा उम्मेद्वार वा मतदाता हुन *Back To Troop* सिद्धान्त अनुसार स्काउट इकाइमा नियमानुसार दर्ता भई नविकरण भएकाहरुले मात्र राष्ट्रिय तालिमदलको तर्फबाट निर्वाचनमा भाग लिन पाउनेछन् । अन्यथा निर्वाचनमा भाग लिन पाउने छैनन् ।

(३) नेपाल स्काउटमा निर्वाचन हुने वर्ष भन्दा अघिल्लो बर्ष वा निर्वाचन हुने बर्ष नियमानुसार दर्ता वा नविकरण *Back To Troop* सिद्धान्त अनुसार स्काउट इकाइमा आबद्ध सक्रीय स्काउटरलाई प्रक्रीया पुगेको मानिने छ र त्यस्ता स्काउटरहरुले मात्र निर्वाचनमा भाग लिन पाउनेछन् । अन्यथा निर्वाचनमा भाग लिन पाउने छैनन्।

(४) कुनैपनि फौजदारी अभियोग लागेका ब्यक्तिले निर्वाचनमा भाग लिन पाउने छैनन्।

(५) नेपाल स्काउटको आचारसंहिता उल्लंघन गरि कारबाहिमा परेका सदस्यहरुले निर्वाचनमा भाग लिन पाउने छैनन्।

(६) निर्वाचन प्रयोजनकालागि कुनैपनि जालसाँझी, फर्जी किर्ते वा झुठो बिबरण पेश गर्ने ब्यक्ति निर्वाचनमा भाग लिन पाउने छैनन्।

(७) निर्वाचन अचार संहिता अनुसुचीमा उल्लेखभए बमोजिम हुनेछ ।

**६) निर्वाचनको लागि बन्देज** ः (१) निर्वाचन समितिका सदस्य तथा निर्वाचन अधिकृतहरुले मतदान गर्न तथा उम्मेद्वार हुन पाउने छैनन् ।
(२) नेपाल स्काउटको कुनै पनि निकायको निर्वाचनमा पराजित भएको ब्यक्ति सो मिति देखि एक वर्ष सम्म कुनै पनि निर्वाचन र उपनिर्वाचनमा उम्मेद्वार हुन पाउने छैन् ।
(३) नेपाल स्काउट ऐन २०५० तथा नियमावली २०७७ तथा यस निर्देशिकामा तोकिएको योग्यता नपुगेका कुनै पनि ब्यक्ति उम्मेद्वार हुन वा मतदान प्रक्रियामा भाग लिन पाउने छैन ।

**७. निर्वाचन समिति** ः निर्वाचन सुव्यवस्थित ढंगबाट सम्पन्न गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्य भएको एक निर्वाचन समिति मन्त्रालयले गठन गर्नेछ ।

| | |
|---|---|
| क) युवा तथा खेलकुद मन्त्रालयले तोकेको सह सचिव सरहको अधिकृत | - संयोजक |
| ख) युवा तथा खेलकुद मन्त्रालयले तोकेको उपसचिव सरहको अधिकृत | - सदस्य |
| ग) युवा तथा खेलकुद मन्त्रालयको कानुन उपसचिव | - सदस्य |
| घ) नेपाल स्काउटको कानुनी सल्लाहकार | - सदस्य |
| ङ) कार्यालय प्रमुख नेपाल स्काउट | - सदस्य / सचिव |

**८. निर्वाचन समितिको काम कर्तब्य र अधिकार** ः (१) दफा ७ बमोजिम गठित निर्वाचन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सबै प्रदेश तथा स्थानीय तहमा निर्वाचन अधिकृत तोकी निजहरुलाई निर्देशन दिने ।
ख) निर्वाचन समितिले आवश्यक ठानेमा निर्वाचन पर्यवेक्षक खटाउन सक्नेछ ।
ग) निर्वाचन कार्यक्रम प्रकाशित भए पछि तोकिएको समयभित्र प्रारम्भिक मतदाता नामावलीमा कसैको दावी विरोध पर्न आएमा छानविन गरि सच्याउनु पर्ने भए निर्वाचन अधिकृतले सच्याई, अन्तिम मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।
घ) निर्वाचन सम्वन्धि कुनै विवाद पर्न आएमा निर्वाचन समितिले दिएको निर्णय अन्तिम हुनेछ ।
ङ) नियमानुसार निर्वाचन तालिका तयार गरि सार्बजनिक गर्ने ।
च) निर्वाचनसंग सम्बन्धित कुनैपनि नियम र प्रावधानहरूको बुझाईमा कुनै समस्या तथा विवाद उत्पन्न भएमा त्यस्ता नियम र प्राबधानहरुको ब्याख्या गर्ने तथा समस्याहरुको निराकरण गर्ने ।
छ) निर्वाचनलाई ब्यवस्थित रुपमा संचालन गर्न आवश्यक कार्यविधि तयार गरि कार्यन्वयन गर्ने गराउने ।
ज) प्रदेश तथा स्थानिय तहको निर्वाचनका लागि आवश्यकता अनुसार निर्वाचन अधिकृतहरु तोक्ने र प्रशिक्षण दिने ।
झ) निर्वाचनमा आबश्यक मतदान केन्द्रहरूको स्थापना, मतदान सामग्रीको ब्यवस्था, र निर्वाचन अधिकृतहरू तथा मतदान अधिकृतहरुको तैनाथी लगायत मतदान प्रक्रियामा चाहिने भौतिक सामाग्रीहरू ब्यवस्थापन लगायतका कार्य गर्न नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय तथा सम्बन्धित स्काउट कार्यालयहरुलाई निर्देशन दिने ।
ञ) निर्वाचन आचारसंहिता लागु गर्ने गराउने।

ट)	सुरक्षित र पारदर्शी रुपमा मतगणनाको लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।
ठ)	आधिकारिक निर्वाचन परिणाम घोषणा गरि सार्वजनिक गर्ने ।
ड)	निर्वाचन प्रक्रिया, सामना गर्नुपरेका चुनौतिहरू र भविष्यमा सुधारका लागि सिफारिसहरू सहितको विस्तृत निर्वाचन प्रतिवेदन तयार गरि नेपाल स्काउट राष्ट्रीय प्रधान कार्यालयमा पेश गर्ने ।

(२) निर्वाचन समिति तटस्थ र निष्पक्ष रहने : निर्वाचन समितिका सदस्यहरू निर्वाचन प्रक्रियामा निष्पक्ष रहनुपर्छ। कुनै पनि स्वार्थको द्वन्द्व वा कथित पूर्वाग्रहरहीत भई तटस्थ रहनुपर्नेछ । निर्वाचन समितिका सदस्य, निर्वाचन अधिकृतहरु तथा मतदान अधिकृतहरुलाई मतदान गर्ने अधिकार हुने छैन ।

(३) सुचना तथा सञ्चार : निर्वाचन समितिले निर्वाचन प्रक्रीयाभरि नेपाल स्काउटको सदस्यता, उम्मेदवार र अन्य सरोकारवालाहरुसंग खुला र पारदर्शी सञ्चार कायम गर्नुपर्नेछ । निर्वाचनको प्रगति र कुनै पनि सान्दर्भिक घोषणाहरू बारे नियमित *अपडेटहरू* उपयुक्त माध्यमहरू मार्फत प्रसारित गर्नुपर्नेछ। निर्वाचनका बारेमा आवश्यक सुचना र जानकारी दिन प्रवक्ता तोक्नुपर्नेछ ।

(४) निर्वाचन समितिको बैठकः (क) निर्वाचन समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।
(ख) निर्वाचन समितिको बैठकको अध्यक्षता निर्वाचन समितिको संयोजकले गर्नेछ ।
(ग) निर्वाचन समितिको बैठकको निणर्य सर्वसम्मतबाट हुनेछ, सर्वसम्मत हुन नसकेको अवस्थामा बहुमतबाट हुनेछ ।

(५) निर्वाचन समितिको अवधि : (क) निर्वाचन समितिले नेपाल स्काउट राष्ट्रीय कार्याकारी समितिले तोकेको मितिमा निर्वाचन सम्पन्न गर्नुपर्नेछ । निर्वाचन समितिको कार्यकाल निर्वाचन समितिको गठन भएको मिति बाट निर्वाचन सम्पन्न गरेको पन्ध्र दिन सम्म कायम रहनेछ ।

(६) निर्वाचन अधिकृतको काम, र्कतब्य र अधिकार देहाय बमोजिमको हुनेछ : (क) प्रदेश र स्थानीय तहको निर्वाचनका लागि स्थान तोक्ने ।
(ख)	निर्वाचन अधिकृतले आवश्यकतानुसार मतदान अधिकृत नियुक्त गर्न र आफनो अधिकार प्रत्यायोजन गर्न सक्नेछन् निर्वाचनका काममा कर्मचारी वर्गलाई खटाउन सक्ने छ ।
(ग)	निर्वाचन अधिकृतले निर्वाचन समितिले सार्वजनिक गरेको तालिकाको अधिनमा रहि निर्वाचन हुने मिति, समय निर्वाचन सम्वन्धि कार्यक्रम कम्तीमा निर्वाचन हुने मितिले ३ दिन अगावै सरोकारवालाले देख्ने गरि प्रकाशन गर्नु पर्नेछ ।

**९. उम्मेद्वारको मनोनयन पत्र** : (१) निर्वाचनमा उम्मेद्वार हुन चाहने स्काउटरले रिक्त स्थान मध्ये कुनै पदको लागि उम्मेद्वारी दिदा आफूले उम्मेद्वारी दिएको पद स्पष्ट खोली एक एकजना मतदाताबाट प्रस्तावक र समर्थक को सर्मथन गराई आफै उपस्थित भई अनुसुचिमा उल्लेखित ढाँचामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष मनोनयन पत्र दर्ता गर्नु पर्नेछ । मनोनयन पत्र रित पूर्वक भएमा दर्ता गरिने र सच्याउन पर्ने भएमा तुरुन्त मौका प्रदान गरिनेछ ।

(२)	मनोनयन पत्र दाखिला गर्दा उम्मेदवारले राष्ट्रिय परिषद् सदस्यकालागि रु. ५०००।- प्रदेश परिषद् सदस्यकालागि रु. २,५००।- र स्थानिय परिषद् पदकालागि रु. १,०००।- जमानत राख्नु पर्नेछ ।
(३)	जमानत फिर्ता नहुने : उम्मेद्वारले राखेको जमानत रकम फिर्ता हुने छैन । तर कुनैपनि उम्मेद्वारले आफ्नो उम्मेद्वारी फिर्ता लिएमा उम्मेद्वारले राखेको जमानत रकम फिर्ता हुनेछ ।
(४)	उम्मेद्वारको नाम प्रकाशित निर्वाचन अधिकृतले मनोनयन पत्रको जाँचबुझ समाप्त गरेपछि र नाम फिर्ता लिने, दावी विरोधको समय सकिए पछि हटाउनु पर्ने उम्मेद्वारको नाम हटाई बाँकी रहन आउने उम्मेद्वारको नामावली निर्वाचन हुने मितिले कम्तीमा २४ घण्टा अघि प्रकाशित गर्नु पर्नेछ ।
(५)	उम्मेद्वारको मनोनयन पत्र अनुसुचिमा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. उम्मेद्वारको नामावलीमा विरोध : (१)** कुनै उम्मेद्वारको उम्मेद्वारी रितपूर्वक नभएको भनि विरोध गर्न चाहने मतदाताले तोकिएको मिति भित्र अनुसुचिमा उल्लेख भएको ढाँचामा निर्वाचन अधिकृत समक्ष दावी विरोधपत्र दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम दावि विरोध उपर निर्वाचन अधिकृतले मनोनयन पत्र र तत्सम्वन्धि आवश्यक प्रमाणको जाँच गरि उम्मेद्वारको अन्तिम नामावली प्रकाशित गर्नेछ ।

**११. निर्विरोध विजयी भएको घोषणा** : रिक्त स्थान जति छ त्यति मात्र उम्मेद्वारको उम्मेद्वारी कायम हुन आएमा निर्वाचन अधिकृतले यस निर्देशिकाको अधिनमा रही निज उम्मेद्वारलाई तुरुन्त निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

**१२. मतदान :** (१) मतदानको दिनमा निर्वाचन समिति/ निर्वाचन अधिकृतले तोकिएको समय, मिति र स्थानमा गोप्य मतदान गर्नु पर्नेछ ।
(२) निर्वाचन अधिकृतले आवश्यक ठानेमा सम्वन्धित ठाँउमा मतदान केन्द्र निरिक्षण गर्न र निर्वाचन चिन्हको ब्यवस्था गर्न सक्नेछन् ।

**१३. निर्वाचन क्षेत्र भित्र निषेधित कार्य गर्न नहुने :** (१) निर्वाचन समिति वा अधिकृतले निर्वाचनहुने स्थानलाई, निर्वाचन हुनु भन्दा ४८ घण्टा अगाबै निर्वाचन क्षेत्र घोषणा गर्नुपर्नेछ ।
(२) निर्वाचन अधिकृतले निर्वाचन क्षेत्र भनि तोकि दिएको क्षेत्रभित्र कसैले कुनै किसिमको प्रचार प्रसार, नारावाजी वा होहल्ला र गाली गलोज गर्न पाउने छैन र निर्वाचन आचारसंहीताको पुर्ण पालना गर्नुपर्नेछ ।

**१४. सदर मत :** निर्वाचन अधिकृतले हस्ताक्षर गरेको वा छाप लगाएको र पदको संख्या भन्दा बढि मत संकेत नगरेको र स्पष्ट मत संकेत गरेको मतपत्र मात्रै सदर हुनेछ । मतदान सम्वन्धि अन्य आवश्यक कुराहरु निर्वाचन समिति/निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. मतगणना** (१) निर्वाचन अधिकृतले मतदान सम्पन्न भएपछि मतपेटिकामा खसेको सम्पूर्ण मतपत्र उम्मेद्वार वा निजको वारेस समक्ष राखी गणना गरि सदर र वदर मत छुट्याई सवैभन्दा बढि मत पाउने उम्मेद्वारलाई बहुसंख्यक मतको आधारमा र मत बराबर भएमा गोला प्रथा द्वारा निर्वाचित भएको घोषणा सहित निर्वाचित उम्मेद्वारलाई सोही ब्यहोराको प्रमाण पत्र दिनु पर्दछ ।
(२) मतगणना फारम अनुसुचीमा उल्लेख भए बमोजिम हुनेछ ।

**१६. मुचुल्का गराउनु पर्ने :** निर्वाचन सम्पन्न भएपछि निर्वाचन परिणाम सम्वन्धमा उम्मेद्वारहरु वा निजहरुको वारेस वा निर्वाचन क्षेत्रमा उपस्थित अन्य कम्तिमा २ जनाको सहीछाप गराई मुचुल्का खडा गरि अन्य कागजात सहित एक वर्ष सम्म सुरक्षित राख्नु पर्ने छ ।

**१७. निर्वाचन सम्वन्धि उजुरी** : यस नियमावली बमोजिम संचालन गरेको निर्वाचन सम्वन्धमा उजुरी दिन चाहने उम्मेद्वारले आफ्नो सम्पूर्ण विवरण र उजुरीको कारण सहित निर्वाचन सम्पन्न भएको मितिले १५ दिन भित्र नेपाल स्काउट प्रधान कार्यालय तथा प्रदेश स्काउट कार्यालयहरु मार्फत सम्बन्धित निकायमा उजुरी दिन सक्नेछ ।

**१८. निर्वाचन समिति र निर्वाचन अधिकृतहरुको पारीश्रमिक :** (१) निर्वाचनको पुर्व तयारी तथा निर्वाचन अबधिमा निर्वाचन समितिका सदस्य तथा कर्मचारीहरुले बैठक भत्ता, खाना खाजा भत्ता, यातायात खर्च र दैनिक भत्ता नेपाल सरकारको नियम अनुसार प्राप्त गर्नेछन् । थप सुबिधाको हकमा नेपाल स्काउट राष्ट्रिय कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

**१९. निर्वाचन अनुगमनः** मन्त्रालय, राष्ट्रीय प्रधान कार्यालय तथा निर्वाचन समितिले निर्वाचन अनुगमन गर्न गराउन सक्ने छ ।

**२०. अन्य ब्यहोरा** : यस निर्देशिकामा उल्लेख भएका बिषयहरुको सम्बन्धमा यसै बमोजिम हुने, अन्य बिषयबस्तुको सम्बन्धमा नेपाल स्काउट ऐन २०५०, नेपाल स्काउट नियमावली २०७७ र प्रचलित कानुन बमोजिम हुनेछ ।

**२१. बचाउ तथा खारेजी :** क) नेपाल स्काउट निर्वाचन निर्देशिका २०६४ खारेज गरिएको छ ।
ख) यस निर्देशिका सम्बन्धि ब्याख्या गर्ने अधिकार नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयलाई हुनेछ ।

नेपाल स्काउट NEPAL SCOUTS राष्ट्रिय प्रधान कार्यालय

## अनुसुची १

### नेपाल स्काउट निर्वाचन निर्देशिकाको नियम ५ संग सम्बन्धित

निर्वाचन आचार संहिता

१. उम्मेद्वारले कुनै प्रकारको तुल, ब्यानर, पम्प्लेट छपाई गर्ने कुनै पनि ब्यवसायीक मिडिया र पत्रपत्रिकामा बिज्ञापन गराई निर्वाचन प्रचारप्रसार गर्न पाउने छैन।

२. उम्मेद्वारले मतदान हुनु भन्दा २४ घण्टा अगाडिबाट कुनै प्रकारको प्रचार प्रसार फोन एस.एम.एस गर्न पाउने छैन।

३. मतदातालाई प्रभावित पार्ने गरी कुनै प्रकारको उपहार प्रदान गर्न तथा भोज भत्तेर गर्न पाउने छैन ।

४. मतदातालाई प्रभाव पार्ने गरी कुनै भ्रुठा प्रचार प्रसार गर्न पाउने छैन।

५. नेपाल स्काउटको निर्वाचन समितिहरु बाहेकका विद्यमान कुनै पनि निकाय र समितिहरुले निर्वाचन सम्पन्न नभएसम्म, निर्वाचन लाई प्रभाव पार्नेगरि कुनै पनि आधिकारीक बैठक बस्ने तथा निणर्यहरु गर्न पाउने छैनन् ।

६. उम्मेद्वारले दर्ता तथा मतदानको समयमा मादक पदार्थ सेवन गरी निर्वाचन स्थल प्रवेश गर्न पाईने छैन।

७. कुनै पनि उम्मेद्वारको बारेमा अनर्गल प्रचार तथा भ्रुठा आरोप प्रत्यारोप गर्न पाईने छैन।

८. बिश्व स्काउट तथा नेपाल स्काउटको मूल्य मान्यता विपरित अभिव्यक्ति दिन तथा प्रचार बाजि गर्न पाईने छैन।

९. निर्वाचनको नाममा कुनै प्रकारको चन्दा तथा आर्थिक सहयोग संकलन गर्न पाईने छैन।

१०. निर्वाचनसँग सम्बन्धित सामाग्री वा सूचनालाई विगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन पाईनेछैन।

११. सामाजिक सञ्जालमा गलत, भ्रामक, वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन पाईने छैन।

१२. निर्वाचनको विश्वसनियतामा वा निर्वाचन समिति र कर्मचारीहरुको प्रतिष्ठामा प्रतिकुल असर पर्ने गरी कुनै अवान्छित लाञ्छना लगाउन पाईने छैन।

१३. कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न गराउन पाईने छैन।

१४. नेपाल स्काउटको कुनै नगद वा जिन्सि लेना देना रहेको छ भने उक्त विषयमा राफ साफ हुनुपर्ने छ।

१५. माथि उल्लेखित आचारसंहिता उल्लंघन सम्बन्धि उजुरी पर्न आएमा सो को छानबिन, कारबाहि तथा आबश्यक निणर्य गर्ने अधिकार निर्वाचन समितिलाई हुनेछ ।

१६. निर्वाचन आचारसंहितामा केही थपघट गर्नुपरेमा निर्वाचन समितिको सर्वसम्मत निर्णयबाट थपघट गर्न सकिनेछ ।

नेपाल स्काउट
NEPAL SCOUTS
राष्ट्रिय प्रधान कार्यालय

# अनुसुची २

नेपाल स्काउट

.............................. परिषद् निर्वाचन

निर्वाचन अधिकृतको कार्यालय

**मनोनयन दर्ता किताव (तालिमदल । खुला )**

............................................................................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका ..........................प्रदेश

| दर्ता नं. | दर्ता मिति र समय | मनोनयन दिनेको नाम थर | OMRS वारेन्ट नम्बर | ना.प्र.नं. | जन्म मिति | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

................................

निर्वाचन अधिकृत

<u>अनुसुची ३</u>

नेपाल स्काउट

.............................. परिषद् निर्वाचन

मनोनयन दर्ताको लागि निवेदन

श्री निर्वाचन अधिकृतको कार्यालय

.................................................।

विषयः मनोनयन दर्ता गरी पाउँ।

म.................................................................................को ........................ स्काउट परिषदको निर्वाचनमा .......................................................................पदमा उम्मेदवार हुन चाहेकोले उक्त पदमा उम्मेदवारीको लागि मनोनयन दर्ता गरी पाउन यो निवेदन पेश गरेको छु।

**निवेदकको नाम थर :** **ना.प्र.नं. :**

**OMRS वारेन्ट नं :** **सम्पर्क न :**

**ठेगाना :** **दस्तखत :**

**स्वघोषणा फारम संलग्न गरेको**

**प्रस्तावकको नाम थर :** **दस्तखत :**

**सर्मथकको नाम थर :** **दस्तखत :**

..................................

बुझिलिने निर्वाचन अधिकृत

## अनुसुची ४

नेपाल स्काउट

स्वघोषणा

१. म ........................................................................................ स्थानीय परिषद निर्वाचन/ प्रदेश परिषद निर्वाचन/ राष्ट्रिय परिषद निर्वाचनको उम्मेदवारले देहाय बमोजिमको स्वघोषणा गर्दछु।

क. नेपालको संविधान प्रति पूर्ण निष्ठवान रहेको।

ख. अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक भएको।

ग. सम्बन्धित स्थानीय तह, प्रदेश र केन्द्रको मतदाता नामावलीमा नाम समावेश भएको।

घ. निर्वाचन सम्बन्धि कुनै कानुनले अयोग्य नभएको छ।

ङ. कुनै जिन्सि वा नगदी बुझाउन बाँकी नरहेको।

च. कुनै पेश्की, बेरुजु तिर्न बाँकी नरहेको नरहेको।

छ. निर्वाचन समितिले जारी गरेको निर्वाचन आचार संहिता पूर्णरुपमा पालना गर्ने प्रतिबद्ध रहेको।

ज. नेपाल स्काउट ऐन तथा नियमावली बमोजिम सदस्य हुन योग्य रहेको ।

झ. कालोसुचीमा नपरेको ।

२. माथि उल्लेखित ब्यहोरा ठीक साँचो हो। झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

स्थानीय तहको नामः

पदः

उम्मेदवारको नामः

ठेगानाः

## अनुसुची ५

नेपाल स्काउट

................................ परिषद् निर्वाचन

मतदाता नामावलीमा रहेको त्रुटी सच्चाउन दरखास्त दिने फारामको ढाँचा

श्री संयोजक ज्यू,
निर्वाचन समिति

विषयः मतदाता नामावलीमा रहेको त्रुटी सच्चाउन दरखास्त पेश गरेको सम्बन्धमा।

मिति ........................................... मा प्रकाशित प्रारम्भिक मतदाता नामावलीमा रहेको मेरो/श्री ................................................................................. को नामावलीमा रहेको त्रुटी सच्चाउन निर्वाचन निर्देशिका बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो हो र जानी जानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपशिलः

| त्रुटि भएको विवरण | वारेन्ट नं | नाम | ना.प्र.नं./जिल्ला | उमेर | लिङ्ग | मतदान गर्ने ठेगाना गा.पा./न.पा./म. न.पा. | वडा नं र टोलको नाम | मनोनयन को विधा |
|---|---|---|---|---|---|---|---|---|
| हुनुपर्ने विवरण | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | |

दरखास्त दिनेको नाम थर.................................................................................................... दस्तखत.......................................................

ठेगाना..................................................मिति..................................

मोवाइल नं.......................................

## अनुसुची ६

नेपाल स्काउट
............................ परिषद् निर्वाचन
निर्वाचन अधिकृतको कार्यालय
...............................
मतगणना फाराम

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वा प्रदेशको नाम :

निर्वाचनको पद :

| क्र.सं. | उम्मेदवारको नाम | प्राप्त मत परिणाम | जम्मा मत | कैफियत (सदर/वदर) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |
| २९ | | | | |
| ३० | | | | |
| | बदर मत | | | |

...............................
निर्वाचन अधिकृत

**अनुसुची ७**

नेपाल स्काउट

................................ परिषद् निर्वाचन

निर्वाचन अधिकृतको कार्यालय

................................

मतगणना मुचुल्का

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको नाम :

निर्वाचन पद :

.................................... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकाको/महानगरपालिकाको ............... स्काउट परिषदको ........................................................पदमा भएको निर्वाचनमा मतगणना अनुसार मतदान भएको जम्मा मत ........................ मध्ये ...............बदर र ........................मत सदर भएकोमा ................................ उम्मेदवारले कुल सदर मतको जम्मा .........................मत प्राप्त गर्नुभएको / निर्विरोध हुनु भई निर्वाचित हुनु भएको ठीक साँचो हो।

तपशिल,

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ..................................................................

२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ..................................................................

३ उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ..................................................................

४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ..................................................................

५. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ..................................................................

६. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ..................................................................

समयः

स्थानः

.................................

निर्वाचन अधिकृत

नेपाल स्काउट NEPAL SCOUTS राष्ट्रिय प्रधान कार्यालय